आज मिति २०७८ साल चैत्र ११ गते भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भूपेन्द्र बहादुर चन्द ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

**तपसिल :**

श्री भूपेन्द्र बहादुर चन्द नगर प्रमुख
श्री रेणु आचार्य, नगर उपप्रमुख
श्री हरि बहादुर थापा का.वा. वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जित बहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कंडेल, वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री गजेन्द्र कुमार जि.सी, (सदस्य सचिव) नि.प्रमुख प्रशासकीय अधिकृत

**सहयोगीहरु**

श्री रेशम बहादुर पुन (वडा नं. ४ अध्यक्ष सहयोगी
श्री सिता कुमारी खत्री (गिरी), शाखा अधिकृत
श्री कुल बहादुर खड्का, अधिकृत छैठौं
श्री लक्ष्मन बि.क, एम.आई.एस.अपरेटर
~~श्री [illegible]~~
श्री वीर बहादुर सुनार का.स.

आमन्त्रित महानुभावहरु

१. श्रीधर पौडेल, अध्यक्ष राष्ट्रिय भूमी आयोग सुर्खेत

२. मणि रेग्मी, प्रमुख नापी अधिकृत, राष्ट्रिय भूमी आयोग ताहाचल काठमाण्डौं

३. श्री राजेन्द्र थापा, सदस्य सचिव, राष्ट्रिय भूमी आयोग जिल्ला समिति, सुर्खेत

४. मेनका खड्का, सर्वेक्षक राष्ट्रिय भूमी आयोग सुर्खेत

Scanned with CamScanner

**प्रस्ताव नं. १ : कोटमाभ्रखर्कको राजस्व सम्बन्धमा ।**

**निर्णय नं. १** : प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत साविक कोटमाभ्रखर्कको लालपुर्जा वितरण गर्ने कार्य संचालनका लागि जग्गा नापनक्सा भएदेखि हालसम्म(चालु आ.व.)को सम्पतीकर असुलीको सम्बन्धमा भेरीगंगा नगरपालिका सुर्खेतको आर्थिक ऐन २०७८ बमोजिम असुल गर्ने । साथै विगत आ.व. हरुको सन्दर्भमा तपसिल बमोजिम हुने गरी कार्य अघि बढाउने ।

**तपसिल**

नापँजाँच भएको मिति देखि गत आ.व. २०७७।०७८ सालसम्म प्रतिरोपनी एकमुष्ठ वक्यौता, जरिवाना सहित रु १०० रुपैयाँका दरले रकम लिने निर्णय गरियो । साथै चालु आ.व.को आर्थिक ऐन २०७८ बमोजिम हुने ।

**प्रस्ताव नं. २ : कार्यालय व्यवस्थापन रकम सहयोग सम्बन्धमा ।**

**निर्णय नं. २** : यस नगरपालिकाको सम्पूर्ण अभिलेख राख्नका लागि मालपोत कार्यालय मेहलकुनालाई रु १ लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : म्याद थप गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ३** : यस भेरीगंगा नगरपालिकाको आ.व.मा २०७७।०७८ मा वडा नं १२ को मसिना पाडुँले खानेपानी योजना अन्तर्गत एचडिपिई पाईप, जि.आई.पाईप, पम्प इत्यादी खरिद कार्यका लागि शिलबन्दी दरभाउपत्र आव्हान भई यस कार्यालय र सिला कन्ट्क्सन एण्ड सप्लायर्सबीच मिति २०७७।१२।१७ गते सम्झौता भएको र उक्त सामग्रीहरुको सप्लाई गर्ने अवधि २०७८।०२।३१ गते भएको तर कोभिड १९ विश्वव्यापी फैलिएको महामारीको कारणले गर्दा निर्माण सामग्रीहरुको अभाव भई सप्लायर्सले तोकिएको समयमै सप्लाई गर्न नसकेकोले म्याद थप पाँउ भनी दिएको निवेदन अनुसार उक्त सामग्रीहरुको सप्लाई गर्ने अवधि २०७८।१२।३० सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : योजना संशोधन सम्बन्धमा ।**

**निर्णय नं. ४** : यस भेरीगंगा भेरीगंगा नगरपालिकाको तुलसिं रोकाय घर नजिक थोत्रेखोला सडकमा पक्की नाली वडा नं. १३ निर्माणलाई संशोधन गरी पुवल टोल विकास संस्था टिका बोहोरा टोलमा १५ एचपीको मोटर खरिद गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : जोखिम भत्ता सम्बन्धमा ।**

**निर्णय नं. ५** : यस भेरीगंगा नगरपालिका सामाजिक विकास समितिको मिति २०७८।१०।१० गते बसेको बैठकको निर्णयानुसार कोभिडको प्रतिकार्य गर्नको लागि फ्रन्ट लाईनमा कोभिड रोकथाम तथा नियन्त्रणको लागि राजेश कुमार बुढाको समन्वयमा खटिएका स्वाथ्यकर्मी र सरसफाईकर्मी लगायत अन्य कर्मचारीलाई नगर स्वास्थ्य शाखाको सिफारिस अनुसार नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तोकिएको मापदण्ड बमोजिम जोखिम भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : बर्थिगं सेन्टरको रकम र सरसफाईकर्मी सम्बन्धमा ।**

**निर्णय नं. ६** : यस भेरीगंगा नगरपालिका अन्तर्गत मोहटी बर्थिगं सेन्टर स्थापनाको लागि नगरपालिकाबाट विनियोजन गरिएको रु ५ लाख मध्ये घर बहाल, सामग्रीहरु खरिद र सरसफाईकर्मीको पारिश्रमिकमा खर्च गर्ने र यस नगरपालिकाको वडा नं. २ कार्यालयको वडा समितको निर्णय बमोजिम मिति २०७८।१२।०१ देखि लागु हुने गरी श्री कमला वलीलाई सरसफाईकर्मीको रुपमा कामकाजमा लगाउने निर्णय गरियो ।

Scanned with CamScanner

**प्रस्ताव नं. ७ : सडक चौडाई विस्तार गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ७ :** यस भेरीगंगा नगरपालिकाको इलाका प्रहरी कार्यालयदेखि छिन्चु बोला सम्म सडक खण्ड (इ.प्र.का देखि हाइवे सम्म) को मर्मत संम्भार कार्य सडक बोर्ड नेपाल र यस भेरीगंगा न.पा.को म्याचिङ फण्ड (समपुरक कोष) मार्फत बोलपत्र आव्हान भई मर्मत सम्भारको कार्य भइरहेको तर लागत अनुमानमा ७.५ मिटर चौडाई मात्र कालोपत्रे गर्ने गरी सम्झौता भएको तर काम गर्दै जाँदा नालादेखि नाली (पुरै चाडाई) मा सडक कालोपत्रे गर्ने माग पटकपटक आएको हुनाले बोलपत्रमा उल्लेख गरिएको परिमाणभन्दा बढी परिमाणको काम गर्नुपर्ने भएको हुँदा पुरै चौडाईमा सडक कालोपत्रे गर्ने र बढी भएको परिमाणको कामको नापजाँच गरी आवश्यक प्रक्रिया पुर्याई भुक्तानी दिने गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

Scanned with CamScanner